# बोक्सीको आरोपमा कुटपिट तथा झुक्याएर सम्बन्ध बिच्छेदको तमसुक गराएको घटनाको
# प्रारम्भिक प्रतिवेदन

**२०८० साउन ३० गते**



**घटना मितिः** २०८० असार ३१ र साउन १ गते

**स्थलगत अध्ययन मिति :** २०८० साउन १९ देखि २३ गतेसम्म

**स्थलगत अध्ययनको उद्देश्य :**

- घटनाको स्थलगत अध्ययन गरी सत्य तथ्य पत्ता लगाई सार्वजनिकीकरण गर्नु ।
- घटनाका पीडितको न्यायका लागि सम्बन्धित निकायमा पहल गर्नु ।

**स्थलगत अध्ययन टोलीको नामावली :**

१. राजु पासवान, प्रदेश संयोजक, इन्सेक मधेश प्रदेश
२. बरुण बस्याल, कार्यक्रम फोकल पर्सन, इन्सेक मधेश प्रदेश
३. विणा सिंह, जिल्ला संयोजक, ओरेक महोत्तरी
४. अर्जुन साह, प्रदेश संयोजक, थर्ड एलायन्स
५. रञ्जन भण्डारी, सञ्चारकर्मी
६. लिला दियाली, अध्यक्ष, मानव पुर्नस्थापना केन्द्र (**HRC**)

## पृष्ठभूमि

महोत्तरी जिल्ला पिपरा गाउँपालिका-३ पिपरा टोलकी ३२ वर्षीया काजल दासलाई पति ३५ वर्षीय बिनोद दास र सौता ३४ वर्षीया शिलादेवी दासले बोक्सीको आरोपमा कुटपिट गरेको, झुक्याएर सम्बन्ध विच्छेद र गाउँ छाडी जाने तमसुकमा सही छाप गराएको भनी पीडितको निवेदन इन्सेक मधेश प्रदेश, कार्यालयमा आएपछि उक्त घटनाको स्थलगत अध्ययन गरी यो प्रारम्भिक प्रतिवेदन तयारी गरिएको छ । पीडित तथा सम्बन्धित सरोकारवाला निकायका प्रतिनिधिहरूसँगको छलफल तथा जानकारीका आधारमा यो प्रतिवेदन तयार गरिएको हो ।

## घटना विवरण

भारत उत्तर प्रदेशको बहराइच जिल्लास्थित प्रतापपुर गाउँकी काजल दास दश वर्षको हुँदा उनका आमा बुबाको सडक दुर्घटनामा मृत्यु भयो । काजलका आफन्तले उनलाई स्थानीय अनाथालयमा छोडेपश्चात उनी केही वर्ष उक्त अनाथालयमा बसेकी रहिछन् । केही समयपछि नातामा काका पर्ने व्यक्तिले काजललाई उक्त अनाथालयबाट निकालेर काठमाडौंस्थित माइती नेपालमा पुऱ्याएका थिए । माइती नेपालले आत्मनिर्भर बन्न सीप सिकाएको थियो । सोही सीपका कारण काठमाडौँमा बस्दै आएकी थिइन् । जनकपुरमा विवाह पञ्चमीको मेला हेर्न साथीसँगै आएका बेला महोत्तरी जिल्ला पिपरा गाउँपालिका-३ पिपरा टोलका ३५ वर्षीय विनोद दाससँग काजलको भेट भयो । बिनोदले ललाइफकाइ हामीसँगै बस, आर्केष्ट्रामा नाच गान गर बरु तिमीलाई पनि केही पैसा आम्दानी हुन्छ भन्दै विश्वासमा पारी आर्केष्ट्रामा नाचगान गर्न लगाएका रहेछन् । सोही क्रममा विनोदले पत्नी र तीन जना छोराछोरी हुँदाहुँदै पनि विवाह भएको छैन भनी ढाँटेर काजलसँग दोस्रो विवाह गरेको पाइयो । काजलको वास्तविक नाम यशोदा सिंह राजपुत भएता पनि पति बिनोदले आर्केष्ट्रमामा बोलाउने नाम भने काजल राखिदिएका रहेछन् ।

विवाह पश्चात पति बिनोदले अनावश्यक विवाद झिकी पटक पटक कुटपिट गर्ने गरेको र आफ्नो दाम्पत्य सम्बन्ध जोगाउनको लागि काजल यातनालाई सहँदै बस्दै आएका थिइन् । विवाह पश्चात काजल र बिनोद भारतको दिल्लीमा पाँच वर्ष बसेको र सोही समयमा काजल गर्भवती भएको र अस्पतालमा छोरा जन्माएको पीडितको भनाइ रहेको छ । पति बिनोदले सुत्केरी अवस्थामा अस्पतालमा नै छाडी घर भागेको र पीडित काजल पतिको घर नेपालमा आएर बच्चाको खोजी गर्दा 'तँ बोक्सीले नै आफ्नो बच्चा खाएको' भनी शारीरिक र मानसिक यातनासमेत दिएको, त्यसपछि पनि तीन पटक गर्भवती भएको र तीनैपटक जबरजस्ती गर्भपतन गराएको पीडितको दुःखेसो छ । पतिले गर्भपतन गराउन खोजेपछि काजलले जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा उजुरी दिएकी थिइन् । उजुरीउपर छलफल हुँदा ससुरा मकनुन दासले अब आइन्दा कुटपिट र मानसिक यातना कसैले नदिने, विवाह दर्ता

तथा नागरिकता बनाइदिने भनि घरमा लगेका रहेछन् । घर लगेको केही दिनपछि गर्भवती काजललाई पुनः पति विनोदलगायत घर परिवारका सदस्यले यातना दिएका थिए । पतिको कुटपिटबाट घाइते भएका काजललाई धनुषाको रामानन्द चोकस्थित एक अस्पतालमा लगी गर्भमा रहेको बच्चाको हत्या गरी परिवार नियोजन गराएको काजोलले बताइन् । पतिले घरको कुरा बाहिर भनेमा मार्ने धम्की दिने गरेकोले सो कुरा उनले कसैलाई भन्न सकेकी थिइनन् ।

घरमा रहँदा बस्दाका क्रममा केही काम कुरा बिग्रीएमा घरपरिवारका सम्पूर्णले काजल दासलाई नै आरोप लगाई कुटपिट गर्ने गरेका थिए । सोही क्रममा २०८० असार महिनाको पहिलो हप्ता 'तेरो शरीरमा भुतप्रेतको आत्मा पसेको छ, तैँले गर्दा हाम्रो घरमा उन्नति प्रगति भएन, तँलाई तान्त्रिक कहाँ लगेर देखाउनु पर्छ भन्दै पति बिनोद, सौता शिलादेवी र सासु सुमित्रादेवीसमेत भई धनुषा जिल्ला मुखियापट्टि मुसहनीया गाउँपालिका-४ स्थित फेछा गाउँमा हनुमानजीको मन्दिरमा बस्ने धामीझाँक्री दिनेश यादवकोमा लगी भुत प्रेत हटाउन भन्दै १० दिन राखेका थिए । सोही क्रममा काजल दासलाई राति-राति मसानघाटमा लगि दुई दिन परेवाको बलि र एक दिन कुभिन्डोको बलि दिन लगाए पश्चात बाबा भनिने धामीझाँक्री दिनेश यादवले 'यसको बोक्सी मैले ठिक गरिदिएको छु यसलाई यहाँबाट अब लग्दा हुन्छ' भनी भनेकाले पति विनोद दास र शिला देवी दास तथा सासु सुमित्रा देवीले यो बोक्सी नै हो अब प्रमाणित भयो अब यसलाई घर लगेर ठिक पार्नुपर्छ भनी पीडितलाई गालीगलौज गर्दै सबै जना घर फर्केको पीडितको भनाइ रहेको छ ।

सोही क्रममा २०८० असार ३१ गते दिउँसो १ बजे पति र सौताले 'यो बोक्सीले गर्दा मेरो छोरी बिरामी भई, यसलाई नमारी छोड्दिन' भन्दै भान्सामा रहेको चुलेसीले टाउको तथा घाँटीमा प्रहार गर्दा पीडितले उक्त प्रहार छलेकी थिइन् । पतिले झन उग्र भई कपाल समाती लछारपछार गरी 'यो बढी टुनामुना गर्ने भएकी छ आज ठिक नपारी हुँदैन' भनी पीडितलाई मरणासम्म हुने गरी कुटपिट गरेका थिए । सोही कुराको रिसइबी राखी पति र सौतले पुनः पीडित काजललाई राति ८ बजेको समयमा मरणासम्म हुने गरि कुटपिट गरी गाइगोठ घरमा बन्द राखी खान लाउनसमेत दिएका थिएनन् । २०८० साउन १ गते बिहान ८ बजेका समयमा पीडित काजल सुतिरहेको बेला पतिले सौताको सहयोगमा 'बोक्सी लगाउने, तन्त्रमन्त्र गर्ने तथा टुनामुना लगाउने' भन्दै पिठ्युँ, बायाँ पाखुरा, मुख तथा संवेदनशील अङ्गमा कुटपिट गरेका थिए । सौता शिला देवीले कपाल समाती गोठमा रहेको डोरीले घाँटीमा बाँध्न खोज्दा पीडितले रोइकराइ हारगुहार गरेपछि छिमेकीहरूले हस्तक्षेप गरेका रहेछन् ।

घटनाका बारेमा पीडित काजलले जिल्ला प्रहरी कार्यालय, महोत्तरीमा साउन १ गते उजुरी दिएकी थिइन् । उजुरी उपर छलफल हुँदा 'बोक्सी' लाई कुनै पनि हालतमा घरमा राख्न नसक्ने पति बिनोदले बताएका थिए । पीडित काजलले पतिको घरमा बस्ने अवस्था नरहेकाले तत्काललाई ५ लाख रुपियाँ माग गरेकी थिइन् । तर, पति बिनोदले '१ लाख ५ हजार भारतीय रुपियाँ दिने, अब आइन्दा कुनै सम्बन्ध नाता नरहने र पिपरा गाउँ छडेर जानेछु' भनि लेखिएको तमसुकमा झुक्याएर सही छाप गराएका छन् ।

पीडित अहिले घरबारविहीन अवस्थामा छिन् । पीडितले इन्सेक मधेश प्रदेशमा न्यायका लागि पहल गरिदिनु हुन अनुरोध गरेपछि इन्सेक र ओरेकलगायत संस्थाका प्रतिनिधिहरूको पहलमा साउन १९ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएकी छिन् । पीडितको उजुरीका आधारमा आरोपित पीडितकी सौता शिलादेवी दासलाई सोही दिन र पति बिनोदकुमार दासलाई साउन २० गते प्रहरीले गिरफ्तार गरेको छ । अर्का आरोपित झाँक्री दिनेश यादव फरार रहेको प्रहरीले जनाएको छ ।

## सरोकारवालाको भनाइ :

**दिपक पहाडी, प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, महोत्तरी**

काजल दास नेपाली नागरिक हो भन्ने खुल्दैन । तर, १६-१७ वर्षदेखि पिपरा गाउँपालिकामा बिहे गरेर बसेको र बोक्सी तथा हिंसामा परेको घटना बाहिर आएपछि हाम्रो जानकारीमा आएको हो । २०७४ सालदेखि हालको कानुनी व्यवस्था अनुसार नाता कायम गराउन सकिँदैन । आरोपित बिनोदकुमार दासको पहिलो पत्नी छन् । काजल दास कान्छी पत्नी हो । कानुन व्यवसायीसँग यो विषयमा छलफल गर्नुपर्छ । विदेशी नागरिक नेपाली केटासँग बिहे गरेपछि विवाह दर्ता गर्नु पर्छ । त्यो मनोविमर्श हुन सकेन होला । कानुनतः हक स्थापित छैन । तर, हक स्थापित गर्न कानुनी प्रक्रियामा जानु पर्छ । नागरिकता पाऊँ, पति कायम गरी पाउँ र अंश पाउँ भनी अदालतमा मुद्दा दर्ता प्रक्रियामा जानु पर्छ । सम्मानित अदालतको आदेश आएमात्र काजल दासको अङ्गीकृत नागरिकता, विवाह दर्ता बनाउन सकिन्छ । अदालतको आदेशअनुसार स्थानीय तहले सिफारिस गर्छ र जिल्ला प्रशासन कार्यालयले नागरिकता बनाउन सक्छ ।

**दिलिपकुमार गिरी, डिएसपी, जिल्ला प्रहरी कार्यालय, महोत्तरी :**

पीडित काजल दासले जिल्ला प्रहरी कार्यालयमा साउन १९ गते जाहेरी दिएकी छिन् । उनको जाहेरीमा किटान गरिएका उनका पति विनोदकुमार दास र सौता शिलादेवी दासलाई गिरफ्तार गरी घटनाको अनुसन्धान गरिरहेका छौँ । अर्का आरोपित धामीझाँक्री दिनेश यादवको खोजी गरिरहेका छौँ । घटनाको निष्पक्ष अनुसन्धान हुन्छ । यो घटना राष्ट्रिय सवालको विषय हो । न्याय दिने पाटो न्यायिक निकायको हो । पीडित काजल दासको शान्ति सुरक्षामा हामी गम्भीर छौँ ।

**सुकन दास, पीडितका ससुरा र आरोपितका बुवा**

कान्छो छोरा बिग्रिन्छ नै । मेरो कान्छो छोरा विनोद दास पनि पढाइ लेखाइमा ध्यान दिएन । पत्नी शिला देवी दास हुँदा हुँदै काजल दासलाई पत्नी बनाएर घरमा ल्यायो । म रिसाएँ पनि । तर, छोराले काजल दास पनि पत्नी हो भनेपछि हाम्रो केही लागेन । राम्रैसँग बस्दै आएका थिए । पछि उनीहरूको झै-झगडा भइरहेको र सम्झाउँदा पनि नसम्झेपछि मैले घर छोडेर जनकपुरमा बस्न सुरु गरेको हो । जेठी बुहारीको छोरी बिरामी भएपछि घरमा धामीझाँक्री बोलाएको हो । यसै बिचमा बुहारी शिला देवी दास र काजल दासबिचमा कुटपिट भएको हो । छोरा बिनोदले दुवै जनालाई कुटपिट गरेको हो । कुटपिट घटनापछि काजल दास घर छोडेर भागिन् । अरुहरूको बहकाउमा लागेर प्रहरीमा उजुरी दिइन् । उजुरी दिएपछि म पनि साउन ४ गते छलफलका लागि प्रहरी कार्यालयमा गएको थिएँ । कान्छी बुहारी काजल दासले ५ लाख रुपियाँ दिए घरमा नबस्ने भनेपछि प्रहरीकै सल्लाह अनुसार बाहिर गएर १ लाख ५ हजार रुपियाँ भारु दिने गरी कागज गराइ सहमति गरिएको हो । जुन सहमति भएको कुरा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जलेश्वरमा पनि छ ।

**रीता कुमारी महरा, कार्यपालिका सदस्य, पिपरा गाउँपालिका :**

काजलकुमारी देवीलाई विगत केही वर्ष अघिदेखि नै बोक्सीको आरोपमा कुटपिट गर्ने गरेको घरमा नराख्ने उनीहरूको मनसाय रहेको देखिन्छ । वैशाख महिनामा मटिहानीस्थित फेकहा टोलस्थित हनुमान मन्दिरमा लगेर 'बोक्सी' हो भनी १० दिन काजलकुमारी देवीलाई त्यहाँ राखेको मलाई काजल दासले सुनाएकी थिइन् । 'बोक्सी' भगाउन दुई दिन परेवाको बली दिन लगाएको र साँझ कुभिण्डो काट्न लगाएको पीडितले मलाई सुनाइन् । कुटपिट घटना भएपछि साउन १ गते बिहान ८ बजे मेरो घरमा

काजलकुमारी देवी आएका हुन् । कुटपिट भएको देखेपछि पिपरा गाउँपालिका अध्यक्षकोमा लगेँ । गाउँपालिका अध्यक्षले पीडित महिलालाई न्यायको लागि सहयोग गर्न प्रहरीमा उजुरी दिन सल्लाह दिनु भयो । मैले महिला सेलमा पीडितलाई लिएर गएँ । पीडितले बोक्सीको आरोपमा कुटपिट गरेको, ज्यान मार्ने प्रयास समेत गरेको भनि महिला सेलमा उजुरी दिन जाँदा घरेलु हिंसामा उजुरी लेखाइ दुवैपक्ष बिच छलफल गराए । साउन ४ गते महिला सेलमा छलफलमा जाँदा न्याय दिन भनेको तर भारतीय नागरिक हो, तिम्रो नागरिकता बन्दैन, महिला सेलका प्रहरीले भने । महिला सेलको असइ भरत ठाकुरले पीडितलाई के चाहेको भनि सोधेपछि पीडितले ५ लाख रुपियाँ व्यापार गर्न पतिबाट उपलब्ध गराइदिन माग गरिन् । तर पीडितको पतिले त्यति रकम दिन नसक्ने भनेपछि छलफल गरेर सहमति गर्न असई ठाकुरले भने पनि व्यापार व्यवसाय गर्न केही रकम दिने कुरा भयो । तर सम्बन्धबिच्छेदको कुरै भएको थिएन । १ लाख ५ हजार रुपियाँ पीडितलाई दियो । विक्कु यादव वकिलको सल्लाह अनुसार लेखन दासले कागज लेखे तर कागज पढेर कसैले सुनाइएन । सही छाप गर्न लगाएँ, पढ्न नजान्ने भएकाले हामीले साक्षीमा सही छाप गर्‍यौं । मैले पीडितलाई आफ्नो घरमा लगेँ । मैले फोटो खिचेको कागज छोरालाई पढ्न लगाएपछि पिपरा गाउँ छड्न र सम्बन्ध बिच्छेद गर्ने कागजमा सही छाप गर्न लगाएको रहेछ भन्ने बल्ल थाहा पायौं । सो कागज लिएर गाउँपालिका अध्यक्षकोमा गयौं, अध्यक्षले जिल्ला प्रहरी कार्यालयको एसपीको जान सल्लाह दिनु भयो । पीडित र म एसपीलाई भेट्न जिल्ला प्रहरी कर्यालयमा पुग्यौं । त्यतिबेला एसपी कार्यालयमा हुनुहुन्थ्यो । त्यसपछि सहायक प्रमुख जिल्ला अधिकारीकोमा गएर पत्र देखाउँदा 'यो नक्कली पत्र हो, पीडितले न्याय पाउन सक्छ । सम्बन्धबिच्छेद अदालतबाट हुन्छ' भनेर सहायक प्रमुख जिल्ला अधिकारीले भन्नु भयो । जिल्ला प्रहरी कार्यालयका डिएसपी दिलिप कुमार गिरीकोमा जाँदा कसैलाई गाउँनिकाला गर्न पाइँदैन । अंश लिएर बस्न पाउँछ, डिएसपीले भने । काजल मेरै घरमा बसिरहेकी छन् ।

**निष्कर्ष/सुझाव**

महोत्तरी जिल्ला पिपरा गाउँपालिका-३ की ३२ वर्षीया काजल दासलाई पति ३५ वर्षीय विनोदकुमार दास र सौता शिलादेवी दासले बोक्सीको आरोपमा विगत केही वर्षदेखि शारीरिक र मानसिक यातना दिने गरेको र पछिल्लो समय २०८० असार ३१ राती र साउन १ गते बिहान कुटपिट गरिएको थियो । कुटपिटबाट घाइते भएकी पीडित काजल दास जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला बालबालिका तथा जेष्ठ नागरिक सेवा केन्द्र, जलेश्वरमा साउन १ गते दिउँसो न्यायका लागि वोक्सीको आरोपमा उजुरी दिन जाँदा प्रहरीले वोक्सी उजुरी दिए मुद्दा चल्ने र पति पक्राउ पर्ने भनि उजुरी दिन रोकेको र दुबै पक्षलाई छलफल गराउन घरेलु हिंसाको उजुरी दिन लगाएको, साउन २ गते घाउजाँच गराइएको, साउन ४ गते सेवा केन्द्रले कागज गरेर मिलेर आउन भनिएकोमा साउन ४ गते नै आरोपित पक्षबाट १ लाख ५ हजार भारतीय रुपियाँ पीडित काजललाई दिने, विनोदकुमार दास उपरको अंश लगायत सम्पूर्ण दावी नगर्ने गरी सम्बन्ध विच्छेद गरिएको तथा अब उपरान्त कुनै नाता सम्बन्ध नरहने र पीडित बस्ने पिपरा गाउँ छाडेर जाने भनि तमसुकमा झुक्याएर औँठा छाप गर्न लगाइएको पाइयो ।
पीडितले बोक्सीको आरोपमा कुटपिट गरेको, ज्यान मार्ने प्रयाससमेत गरेको भनि महिला सेलमा उजुरी दिन जाँदा घरेलु हिंसामा उजुरी लेखाइ दुबैपक्षबिच छलफल गराएर पीडित काजल दासलाई न्याय पाउनबाट बञ्चित गराई थप जोखिममा पुर्‍याएको देखिन्छ ।
साथै पीडित काजल दासलाई आरोपितहरूले धनुषा जिल्ला मुखियापट्टी मुसहरनीया गाउँपालिका-४ फेचहास्थित दिनेश यादव (धामीझाँक्री) बस्ने आश्रममा लगेर मान्छे दाहसंस्कार गर्ने ठाउँ (मसानघाट) मा १० दिनसम्म रातभर परेवा र कुभिण्डो बली दिन लगाई बोक्सी आरोपमा हिंसा गरेको पाइयो ।

जिल्ला प्रहरी कार्यालय अन्तर्गत महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र, जलेश्वरले पीडित काजल दासलाई थप पीडित बनाउने कार्य गरेको हुँदा उक्त सेवा केन्द्रबाट यस घटनामा गरेको कमी कमजोरीको समेत अनुसन्धान गर्न आवश्यक छ ।

घटनामा संलग्न भनिएका पीडितका पति र सौतालाई प्रहरीले गिरफ्तार गरी कानुनको दायरामा ल्याइएता पनि अर्का आरोपित दिनेश यादव (धामीझाँक्री) विरुद्ध पीडित पक्षले किटानी उजुरी दिए पनि हालसम्म फरार रहेको भनिएकोले तत्काल गिरफ्तार गरी कानुनको दायरमा ल्याउनु पर्छ ।

मधेश प्रदेशमा धामीझाँक्रीका कारण महिलाहरू बोक्सीका घटनामा प्रताडित भइरहेको घटना दिन प्रतिदिन बाहिर आइरहेकोले त्यस्ता धामीझाँक्रीहरूको पहिचान गरी कानुनको दायरामा ल्याएर बोक्सीको आरोपमा महिलामाथि हुने हिंसा न्युनिकरण गर्न प्रहरी प्रशासनले तदारुकता देखाउन आवश्यक छ ।

साथै काजल दासमाथि भएको घटनाको द्रुत गतिमा अनुसन्धान प्रकिया अगाडि बढाई दोषीलाई कानुन बमोजिम दण्डित गर्न र पीडितलाई न्याय प्रदान गर्नु आवश्यक छ । पीडित काजल दास घरबारबिहीन रहेको अवस्था छ । यस्तो अवस्थामा पीडितको शान्ति सुरक्षा, उपचार र उचित स्याहार सुसार आवश्यक देखिएकोले सोको लागि सम्बन्धित निकाय तथा नेपाल सरकारको ध्यान जान आवश्यक छ ।

**अनुसूचि :**


लिखितम जिल्ला महोत्तरी पिपरा गा.पा. वडा नं. ३ मा बस्ने नेवाई दासको नाती सुकन दासको छोरा वर्ष ३५ को विनोद कुमार दास आगे भारतको उत्तरप्रदेश राज्य बहराइच जिल्ला प्रतापपुर गाउँमा बस्ने पृथ्वी सिंह को नातिनी जयसवाल सिंहको छोरी वर्ष ३२ की काजल कुमारी देवीले विनोद कुमार दास संग परेको विवादमा विनोद कुमार दास संग भारतिय रुपैया रु.१,०५,०००/- अक्षरेपी एक लाख पाँच हजार भारतिय रुपैया लिई बुझी निज विनोद कुमार दास उपरको अंश लगायत सम्पुर्ण दावी छोडाई निज संगको नाता सम्बन्ध विच्छेद गरी लिएको छु । विनोद कुमार दास संग मेरो कुनै नाता सम्बन्ध नरहने गरी मैले विनोद कुमार दास उपर कुनै किसिमको उजुर बाजुर दावी गर्ने छैन भनि आफ्नो मनोमान खुशीराजी संग यो सम्झौताको कागज लेखि लेखाई सही छाप गरी १x१ प्रति लियौं दियौं । साक्षी किनाराको सदर म काजल कुमारी दास नगद रु.१,०५,०००/- रुपैया बुझी पिपरा गाउँ छोडी दिने छु । मैले फेरी विनोद कुमार दास उपर कुनै प्रकारको दावी गर्ने छैन । नाता सम्बन्ध राख्ने छैन ।

बुझिलिनेको नाम:- काजल कुमारी देवी
सही:-
छाप

बुझाउनेको नाम:- विनोद कुमार दास
सही:-
छाप

रोहवर

जि.म. पिपरा गा.पा. वडा नं. १ मा बस्ने वडा सदस्य किसुनी दास ......................१
ऐ. वडा नं. ४ को वडा सदस्य रिता देवी ......................१
ऐ.ऐ. वडा नं. ३ को श्याम सुन्दर दास ......................१
ऐ. वडा नं. ४ मा बस्ने चन्द्रा देवी महरा ......................१

ईति संम्वत २०८० साल श्रावण महिना ४ गते रोज ४ मा शुभम् ......................



पीडितलाई झुक्याएर गरिएको तमसुक



पीडितसँग घटना बारेमा जानकारी लिँदै इन्सेक मधेश प्रदेश संयोजक राजु पासवान लगायत ।



पीडितको उजुरी लेख्दै अधिवक्ता रिंकु यादव



जिल्ला प्रहरी कार्यालय महोत्तरीमा जाहेरी दर्ता गरिँदै

**मिडिया कभरेज**



नयाँ पत्रिका

बोक्सी आरोपमा यातना दिनेविरुद्ध प्रहरीमा जाहेरी दर्ता

धामी र सौतानिविरुद्ध पनि उजुरी



नयाँ पत्रिका

बोक्सी आरोपमा यातना दिनेविरुद्ध प्रहरीमा जाहेरी दर्ता

धामी र सौतानिविरुद्ध पनि उजुरी

## News Links:

https://inseconline.org/np/news/%e0%a4%ac%e0%a5%8b%e0%a4%95%e0%a5%8d%e0%a4%b8%e0%a5%80-%e0%a4%98%e0%a4%9f%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a4%be-%e0%a4%86%e0%a4%b0%e0%a5%8b%e0%a4%aa%e0%a4%bf%e0%a4%a4-%e0%a4%97%e0%a4%bf%e0%a4%b0/

https://inseconline.org/np/news/%e0%a4%ac%e0%a5%8b%e0%a4%95%e0%a5%8d%e0%a4%b8%e0%a5%80-%e0%a4%98%e0%a4%9f%e0%a4%a8%e0%a4%be%e0%a4%95%e0%a5%8b-%e0%a4%89%e0%a4%9c%e0%a5%81%e0%a4%b0%e0%a5%80-%e0%a4%b2%e0%a4%bf%e0%a4%8f%e0%a4%aa/

https://www.nayapatrikadaily.com/news-details/121066/2023-08-05?fbclid=IwAR2CpfWvsT9cuu49qFh2SnHBOhNreLjWyEN6XV5JQStCLszeqKaLBcFzL7M

https://www.facebook.com/nayapatrikaofficial/videos/263614366407195

http://mahottarisanchar.com/2023/08/06/%E0%A4%95%E0%A4%BE%E0%A4%9C%E0%A4%B2%E0%A4%B2%E0%A4%BE%E0%A4%88-%E0%A4%AC%E0%A5%8B%E0%A4%95%E0%A5%8D%E0%A4%B8%E0%A5%80-%E0%A4%86%E0%A4%B0%E0%A5%8B%E0%A4%AA%E0%A4%AE%E0%A4%BE-%E0%A4%AC%E0%A4%B0/?fbclid=IwAR2uOavWd2NpJg7rvlb7of633qlf4583pQ1-V_tYMmyIzhMHbsq4U_erCaU

https://www.nayapatrikadaily.com/news-details/121103/2023-08-06?fbclid=IwAR2uOavWd2NpJg7rvlb7of633qlf4583pQ1-V_tYMmyIzhMHbsq4U_erCaU

https://www.nayapatrikadaily.com/news-details/120887/2023-08-03?fbclid=IwAR1SHSJOcwC4m1X7VB83UVYB2OK9_7TLpAxpUYGUb-ttbbKHSQj7xpcI5XY